म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ५९ सोमबार, ११ असोज २०७८ सप्तमी ने. सं. ११४१ ञलाथ्व 27 September, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## बागमती प्रदेश प्रमुख शर्माको स्वास्थ्य सुधार

हेटौंडा/बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माको स्वास्थ्यमा क्रमिक रुपले सुधार भएको जनाइएको छ । मुटुसम्बन्धी रोगबाट ग्रसित शर्मा स्वास्थ्यमा समस्या आएपछि ४ असोजमा काठमाडौंमा उपचार गराइरहेका थिए । हेटौंडामा ३ असोजमा संविधान दिवस मनाएर उपचारका लागि उनी काठमाडौं गएको उनको निजी सचिवालयले जानकारी दिएको छ । शर्मा विगत सातवर्षदेखि मुटुसम्बन्धि रोगबाट ग्रसित छन् ।

शर्माको काठमाडौंस्थित मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा उपचार भइरहेको हो । काठमाडौंस्थित गंगालाल हृदयरोग केन्द्रमा उपचार गराउँदै आएका शर्मालाई पछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा राखेर उपचार गरिएको थियो । त्यसअघि उनलाई गंगालालले ९ असोजमा उपेन्द्र मेमोरियल न्यूरो अस्पतालमा रिफर गरेको थियो । शर्माका स्वकीय उपसचिव पारशमणि फुयाँलका अनुसार उनको स्वास्थ्यमा सुधार भइरहेको छ । ९ असोजमा उनको मुटुको चाल नै बन्द भएजस्तो अवस्थामा पुगेको फुयाँलले बताए ।

### मकवानपुरको १० वटै स्थानीय तहमा कांग्रेस अधिवेशन सकियो

# दुईमा सर्वसम्मत, आठ पालिकामा प्रतिष्पर्धा

साझाकुरा संवाददाता



हेटौंडा/नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत आइतबार बिहानसम्म मकवानपुरको १० वटै स्थानीय तहमा नयाँ नेतृत्व चयनका लागि अधिवेशन भएको छ ।

जिल्लाको बकैया र इन्द्रसरोवर गाउँपालिकामा सर्वसम्मत नेतृत्व चयन गरिएको छ भने, हेटौंडा उपमहानगरपालिकासहित आठ पालिकामा प्रतिष्पर्धात्मक मतदान प्रक्रियाबाट कार्यसमिति चुनिएका छन् । जिल्लाका एक सय २ वटा वडाबाट निर्वाचित भएका क्षेत्रीय प्रतिनिधि र सभापतिहरुले पालिकाको नयाँ कार्य समितिको चयनका लागी निर्वाचन प्रक्रियामा भाग लिएका थिए ।

**हेटौंडामा इटेनी प्यानलनै विजयी**

हेटौंडा उपमहाननगर सभापतिमा उत्सव इटेनीको प्यानलनै विजयी भएको छ । आइतबार बिहान सम्पन्न हेटौंडा उपमहानगरको अधिवेशनले हेटौंडा नगर सभापतिमा इटेनीलाई निर्वाचित गरेको हो ।

उनले सभापतिका अर्का उम्मेदवार महेन्द्र राउतलाई १ सय ५२ मत अन्तरले पराजित गरेका थिए । नगर सभापतिमा इटेनीले २ सय ८४ मत प्राप्त गर्दा अर्का उम्मेदवार महेन्द्र राउतले १ सय ३२ मत प्राप्त गरे ।

**थाहा नगरमा जोशी**

मकवानपुरको उत्तरी क्षेत्र थाहा नगर समितिको सभापतिमा प्रमोद जोशी निर्वाचित भएका छन् । जोशीले १ सय ९ मत ल्याई निर्वाचित भएका हुन् । उनको निकटतम प्रतिद्वन्द्वी भरत गोपालीले ८१ मत प्राप्त गरे । नगरसमितिको २ उपाध्यक्ष पदमा नवराज कार्की र उद्धव लामिछाने निर्वाचित भएका छन् ।

कार्कीले १ सय १४ र लामिछानेले १ सय २ मत प्राप्त गरे । उपाध्यक्ष कै अर्का उम्मेदवार सोम प्रसाद गर्तौलाले ८९ मत प्राप्त गरेका छन् । यसैगरी २ सचिब पदमा भिमसेन मोक्तान र कर्ण बहादुर गोपाली निर्वाचित भएका छन् । मोक्तानले १ सय १२ र गोपालीले १ सय ४ मत प्राप्त गरे । सचिब पदकै उम्मेदवार बिन्दुलाल थिङले ८४ र शशि कुमार दोङले ५६ मत प्राप्त गरेका थिए ।

२ जना सहसचिव पदमा सत्यदेवी स्याङतान र सुरेन्द्र श्रेष्ठ निर्वाचित भएका छन् । स्याङ्तानले १ सय ६५ र श्रेष्ठले ९५ मत प्राप्त गरेका थिए । सहसचिव पदकै उम्मेवार ध्रुबकुमार भट्टले ४६ र, रामचन्द्र भोम्जनले ४७ मत प्राप्त गरेका थिए । थाहा नगर समितिका लागि ५३ जना सदस्यहरुमा सबै सर्वसम्मत निर्वाचित भएका छन् ।

**बकैयामा दिलबहादुर सर्वसम्मत**

बकैया गाउँपालिका सभापतिमा दिलबहादुर भोम्जन सर्वसम्मत चयन भएका छन् । सभापति पदमा ४ जनाको दाबी रहेकोमा अन्तिममा सहमति जुटेको थियो ।

कांग्रेस उपसभापतिमा सोम तिमल्सिना र लोकेन्द्र माझी, सचिवमा बलराम दुलाल र सुनिल दर्लामी, सहसचिवमा कमल घले र युवराज थापा तथा कोषाध्यक्षमा निर्मला राई सर्वसम्मत चयन भएका छन् । बकैया गाउँपालिकाका अध्यक्ष दामोदर खनालसहितका कांग्रेस नेताहरुको प्रयासपछि ६० सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन भएको हो ।

**इन्द्रसरोवरमा सर्वसम्मत चुनिए विश्व**

कांग्रेसको इन्द्रसरोवर गाउँपालिका सभापतिमा विश्व लामा चयन भएका छन् । उपसभापतिमा कृष्णबहादुर भोम्जन र किशोर बस्ताकोटी, सचिवमा कृष्ण महर्जन र अर्जुन बानियाँ तथा सहसचिवमा वसन्ती स्याङ्तान र सूर्य पाखिन चयन भएका छन् ।

अधिवेशनले ३२ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । स्थानीय तहको निर्वाचन नजिकिँदै गएको अवस्थालाई मध्यनजर गर्दै कांग्रेस नेताहरुले अधिवेशन अघि नै सहमतिको प्रयास गरेका थिए ।

**मनहरी गाउँपालिकामा प्रकाश विजयी**

मनहरी गाउँपालिकामा भने निर्वाचन मार्फत प्रकाश बर्तौला निर्वाचित भएका छन् । सभापतिका उम्मेदवार शंकर न्यौपानेलाई हराउँदै बर्तौला निर्वाचित भएका हुन् ।

बर्तौलाले ८२ मत प्राप्त गर्दा न्यौपानेले ६१ मत ल्याएका थिए । १८ मत बदर भएको थियो । बाँकी पद भने सर्वसम्मतिमा टुंगिएको हो । उपसभापतिमा सूर्यबहादुर रोक्का, उत्तमबहादुर थापा (राजु), सचिवमा अनन्तप्रकाश अर्याल र हरिचन्द्र शाही ठकुरी, सहसचिवमा चट्टान स्याङ्तान र गंगा कोइराला सर्वसम्मत चयन भएका छन् ।

**भीमफेदी गाउँपालिकामा सञ्जिव**

भीमफेदी गाउँपालिकामा सञ्जिव श्रेष्ठ निर्वाचित भएका छन् । सभापति पदका अर्का उम्मेदवार नारायण थापालाई १८ मतले हराउँदै श्रेष्ठ पालिका सभापतिमा निर्वाचित भएका हुन् । श्रेष्ठले ८६ मत प्राप्त गर्दा थापाले ६८ मत पाएका थिए । २ मत बदर भएको थियो ।

यस्तै उपसभापतिमा रुद्र वाइबा र जब्बरसिंह लामा, सचिवमा सुमित्रा थिङ र सुन्दर गोले, सहसचिवमा सुमित्रा नेगी र मन्जु भोलन तथा कोषाध्यक्षमा हरि लामा सर्वसम्मत चयन भएका छन् । भीमफेदीमा सभापति पदमा मात्रै निर्वाचन भएको थियो ।

**मकवानपुरगढीमा राजबीरको नेतृत्व**

मकवानपुरगढी गाउँपालिकामा राजबीर मोक्तान निर्वाचित भएका छन् । अध्यक्षका अर्का उम्मेदवार अर्जुनप्रसाद दाहाललाई ३७ मत अन्तरले पराजित गर्दै मोक्तान निर्वाचित भएका हुन् । मोक्तानले ८७ मत प्राप्त गर्दा दाहालले ५० मत मात्रै प्राप्त गरेका थिए ।

यस्तै उपसभापतिमा सुशीला फुयाँल र थलनाथ घिमिरे निर्वाचित भएका छन् । फुयाँलले १ सय १ र घिमिरेले ९० मत ल्याएका थिए । उपसभापति पदका अर्का उम्मेदवार मन्दिरा केसीले ६६ मत ल्याइन् । पालिकाको सचिवमा आइतसिंह लो र प्रतिमान रुम्बा तथा सहसचिवमा राजेन्द्र लम्साल र रामप्रसाद चौरेल भने सर्वसम्मत रुपमा चयन भएका छन् । १३८ मत रहेको मकवानपुरगढी गाउँपालिकामा १३७ मत खसेको थियो ।

**बागमती गाउँपालिकामा फणिन्द्र**

कांग्रेसको बागमती गाउँपालिका सभापतिमा फणिन्द्र तिमल्सिना निर्वाचित भएका छन् । सभापतिका उम्मेदवार डिल्लीप्रसाद घोरासैनीलाई १६ मतले पराजित गर्दै तिमल्सिना निर्वाचित भएका हुन् । तिमल्सिनाले ७७ र घोरासैनीले ६१ मत प्राप्त गरे ।

यस्तै उपसभापतिमा जगतबहादुर भोलन र मंगलबहादुर वाइबा निर्वाचित भएका छन् । भोलनले ७९ र वाइबाले ७७ मत प्राप्त गर्दा उपसभापति पदका अर्का उम्मेदवार शम्भु राईले ६८ मत प्राप्त गरे । यस्तै सचिवमा सुदीप पाखिन र सिरिप राई विजयी भएका छन् । पाखीनले १ सय र राईले ४० मत प्राप्त गर्दा सचिव पदका उम्मेदवारहरु लोकबहादुर विकले ३८, मणिराज राईले ३८ र रामबहादुर आलेले २२ मत प्राप्त गरे ।

सहसचिवमा धनमाया ठाडा र बीरबहादुर थोकर सर्वसहमत चयन भएका छन् । १ सय ५१ जना मतदाता संख्या रहेको बागमती गाउँपालिकामा १ सय ३७ मत खसेको थियो ।

**कैलाशमा राजेन्द्र**

कांग्रेस कैलाश गाउँपालिका सभापतिमा राजेन्द्र घिसिङ भारी मतसहित निर्वाचित भएका छन् । सभापतिका उम्मेदवार गुणराज स्याङ्तानलाई ११२ मत अन्तरले पराजित गर्दै घिसिङ निर्वाचित भएका हुन् । घिसिङले १३७ मत प्राप्त गर्दा स्याङ्तानले जम्मा २५ मत प्राप्त गरे ।

उपसभापतिमा मान बहादुर वाइबा र कामीसिंह स्याङ्तान विजयी भएका छन् । वाइबाले १३२ र स्याङ्तानले ११६ मत प्राप्त गर्दा उपसभापतिकै उम्मेदवारहरु जीवन लोप्चनले ४० र श्याम बहादुर वाइबाले २४ मत प्राप्त गरे । सचिवमा आशिष प्रजा र प्रकाश राना मगर विजयी भए ।

प्रजाले १ सय २२ र मगरले १ सय १२ मत प्राप्त गर्दा सचिवका उम्मेदवारहरु तेजबहादुर ब्लोनले ४४ र चन्द्रलाल थिङले ३६ मत प्राप्त गरे । कांग्रेस कैलाश सहसचिवमा विश्वनाथ थापा र देवचन्द्र प्रजा निर्वाचित भए । थापाले १ सय १२ र प्रजाले १ सय मत प्राप्त गर्दा सचिव पदका अर्का उम्मेदवार क्षेत्रबहादुर प्रजाले ५० मत प्राप्त गरे । १८४ जना मतदाता संख्या रहेको कैलाश गाउँपालिकामा १७८ मत खसेको थियो ।

**राक्सिराङ गाउँपालिकामा बीरेन्द्र जिम्बा**

नेपाली कांग्रेस राक्सिराङ गाउँपालिका १४ अधिबेशन बाट सभापति बीरेन्द्र जिम्बा निर्वाचित भएका छन् । जिम्बाले सभापतिको अर्का प्रत्यासी विरेन्द्रकुमार थिङलाई १० मतले पछि पार्दै विजयी भएका हुन् । जिम्बाले ८१ र थिङले ७१ मत प्राप्त गरेका छन् ।

# हेटौंडा सिमेन्टको मूल्य घट्यो

हेटौंडा/गुणस्तरीय सिमेन्ट उत्पादन र बिक्री गर्दै आएको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले सिमेन्टको मूल्य घटाएको छ ।

निजी क्षेत्रका सिमेन्ट उद्योगसँग प्रतिस्पर्धा गर्न अहिले उत्पादीत ओपिसी सिमेन्ट प्रतिबोरा ४७ घटाएर ७ सय दुई रुपैयाँमा बिक्री गर्ने निर्णय गरिएको उद्योगका महाप्रबन्धक प्रेमशंकर सिंहले जानकारी दिए ।

यसअघि प्रतिबोरा सात सय ४७ मा सिमेन्ट बिक्री हुँदै आएको थियो । निजी क्षेत्रबाट सञ्चालित हेटौंडाका सिमेन्ट उद्योगले सिमेन्टको बिक्री मूल्य कम गरेकाले यहाँको मूल्य पनि घटाइएको उद्योग प्रशासनले जनाएको छ ।

अब मासिक रुपमा बजारको माग र उत्पादनको आधारमा निजी क्षेत्रका उद्योगले निर्धारण गरेको मूल्यसँग प्रतिस्पर्धा गर्नेगरी मूल्य तोकिने बताइएको छ । हेटौंडामा रहेको ऋद्धिसिद्धि सिमेन्ट उद्योगले ओपिसी सिमेन्ट प्रतिबोरा सात सय र शिबम् सिमेन्ट उद्योगले ओपिसी सिमेन्ट प्रतिबोरा ६ सय ८० कायम गरी बिक्री गर्दै आएका छन् । यस उद्योग गत र अघिल्लो आर्थिक वर्षमा कोरोना महामारीका कारण लक्ष्यअनुसार उत्पादन र बिक्री गर्न नसकी घाटामा परेको महाप्रबन्धक सिंहको भनाइ छ ।

प्राप्त जानकारी अनुसार यस उद्योगलाई आर्थिक वर्ष २०७६/७७ मा २४ करोड र २०७५/७६ मा १६ करोड घाटा परेको थियो । लामो समयदेखि उद्योगको उपकरण जीर्ण भएर पटक-पटक बिग्रिनाका साथै विगत दुई वर्षदेखि विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण लक्ष्यअनुसार उत्पादन र बिक्री गर्न नसकिएको उद्योगका प्राविधिकले बताए । निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न पटक-पटक योजना र कार्यक्रम ल्याइए पनि कार्यान्वयनमा समस्या हुने गरेको उद्योगका प्राविधिकको भनाइ छ । *(रासस)*

प्रो. महेन्द्र मान श्रेष्ठ ९८४५०३१७०६
शरिदी श्रेष्ठ ९८५५०७०००५
मनिष मान श्रेष्ठ ९८५५०३०५००
अनुश्री गुदपाक एण्ड प्रोभिजनल स्टोर्स
हेटौंडा-४, पारीजातपथ
यहाँ गुदपाक (सुत्केरी मसला) पाईन्छ ।
अब गुदपाक खान काठमाण्डौंको कोशेली कुर्नै पर्दैन!!!
शुद्ध घ्यू र खुवामा बनेको गुदपाक अब हेटौंडामै पाईन्छ।
उत्पादक: अनुश्री फुड एण्ड बेभरेज हेटौंडा ८, मकवानपुर
ओम भवन
खोपे गल्ली
अनुश्री गुदपाक एण्ड प्रोभिजनल स्टोर्स
स्कूल रोड




Times AutoHub Hetauda
Contact:057-590610, 9855067840

आकर्षक घडेरीहरू बिक्रीमा
हेटौंडा उपमहानगरपालकिा वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८५११६७२६७ ९८४९११०८९२ ९८५५०७२३०८ ९८५५०६८७१६ ९८४५०२८५१९ ९८०२९१४११६

दर्ता नं. : २५५८१३/०७७/०७८
HETAUDA HOUSING
हेटौंडा हाउजिङ्ग प्रा.लि.
HETAUDA HOUSING PVT. LTD.
NOW OPEN
तपाई हाम्रो यस सुन्दर नगरी हेटौंडा उपनगरपालिका बासिहरुको लागि खुशीको खबर लिएर आएको छ । नेपाल सरकारबाट स्वीकृत प्राप्त हेटौंडा हाउजिङ्ग कम्पनी ।
विशेषताहरु :
१) घर मै बसि बसि टेलिफोनको भरमा हजुरहरुले चाहेको स्थानमा कोठा उपलब्ध गराउने छ । हेटौंडा उपमहानगरपलिका भित्र ।
२) विना झन्झट कोठा घर फ्ल्याट भाडामा लिन र दिन सक्नुहुनेछ । यस कम्पनी मार्फत ।
३) घर कोठा फ्ल्याटमा आउन सक्ने पानी बतिका साना तिना समस्याबाट छुटकाश पाउनु हुनेछ ।
४) भाडामा बस्दा पनि आफ्नै घरमा बसेको अनुभुति हुनेछ ।
५) पारिवारिक वातावरणमा रमाउन सक्नु हुनेछ ।
६) स्कूल कलेजका विद्यार्थीहरुको लागि विशेष सहुलियतमा कोठा भाडामा उपलब्ध छ ।
७) संघ संस्था अफिस, पसल, क्वाटर आदिको लीग पनि घर, कोठा, फ्ल्याट, उपलब्ध गराउने छौं ।
८) घर धनिसँग सिधा सम्पर्क नहुने ।
९) घर जग्गा खरिद बिक्रीको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ । धन्यवाद ।



हाम्रो विशेषताहरु मन पर्छ भने कृपया हामीलाई सम्झनुहोस् हामी तपाईहरुको सेवामा सदैव तत्पर छौं ।
हेटौंडा-१ चौकीटोल, मकवानपुर
फोन नं./फ्याक्स : ०५७-५२३३१४
मो.: ९८२४२७१५४४
Viber/Whatassp: +9779824271544
Email: hetaudahousing1@gmail.com

HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

साझाकुरा

## हाम्रो कुरा

# युवाको काँधमा कांग्रेस

पछिल्लो समय मकवानपुरे राजनीतिमा नेपाली कांग्रेसप्रति लोकप्रियता बढिरहेको छ । कम्युनिष्टको गडको रुपमा परिचित मकवानपुरमा विस्तार कांग्रेसले आफ्नो सफलताहरु प्राप्त गरिरहेको छ । लामो समय मकवानपुरबाट कांग्रेसले संसदीय राजनीतिमा एकसिट समेत जित्न सकेको थिएन । दोस्रो संविधानसभाको चुनावमा कांग्रेसका युवा नेता इन्द्रबहादुर बानियाँले मकवानपुर जिल्लाबाट निर्वाचित भएर नेपालको संसदीय राजनीतिको सुरुवात गरे । बानियाँको जीतसँगै जिल्लामा कांग्रेसले विस्तारै आफ्नो पकड बलियो बनाउन सुरु गरेको थियो । गतस्थानीय तहको चुनावमा पनि कांग्रेसले धेरै स्थानमा जीत हात पार्‍यो ।

गतसंसदीय चुनावमा बाम गठबन्धनलाई तोड्दै जिल्लामा कांग्रेसले एक सिट जित्यो । हाल जिल्लामा एमाले विभाजन भएको अवस्था, माओवादी र राप्रपा कमजोर भएको अवस्थामा कांग्रेसले नजिकिँदै गरेको निर्वाचनमा अझै धेरै सफलता हात पार्ने अनुमान गर्न थालिएको छ । यस्तो अवस्थामा नेपाली कांग्रेसको १४ औं महाधिवेशन देशभर सञ्चालन भइरहेको छ । मकवानपुरमा पनि पालिकास्तरीय अधिवेशन सकिएको छ । वडा र पालिकास्तरीय अधिवेशनबाट धेरै स्थानको नेतृत्वमा युवाहरु हावी भएका छन् । जिल्लाको दशवटा स्थानीय तहमध्ये आठमा निर्वाचन र दुईमा सर्वसम्मतबाट नयाँ नेतृत्व चयन भएको थियो । बकैया र इन्द्रसरोबर गाउँपालिकामा क्रमश: दिलबहादुर भोम्जन र विश्व लामा सर्वसम्मत रुपमा चयन भएका छन् । निर्वाचनबाट हेटौंडा उपमहानगरपालिकामा उत्सव इटेनी, थाहा नगरपालिकामा प्रमोद जोशी, मनहरी गाउँपालिकामा प्रकाश बर्तौला, भीमफेदी गाउँपालिकामा सञ्जिव श्रेष्ठ, मकवानपुरगढी गाउँपालिकामा राजवीर लामा, वाग्गमती गाउँपालिकामा फणिन्द्र तिमल्सिना, कैलाश गाउँपालिकामा राजेन्द्र घिसिङ र राक्सिराङ गाउँपालिकामा वीरेन्द्र जिम्बा सभापतिमा निर्वाचित भएका छन् ।

अधिवेशनबाट मकवानपुरको १० स्थानीय तहमा ४६० सदस्यीय कार्यसमिति चयन भएको छ । हेटौंडा उपमहानगरपालिकामा ९५, थाहा नगरपालिकामा ६०, बकैया ६०, वाग्मती, भीमफेदी, मनहरी र राक्सिराङमा ४५/४५, मकवानपुरगढीमा ४० र ईन्द्रसरोवर गाउँपालिकामा २५ सदस्यीय कार्यसमिती चयन भएका छन् । क्रियाशील सदस्य र क्षेत्रीय प्रतिनिधिमा युवाहरु हावी भएपछि नेतृत्व तहमा पनि युवाहरु हावी भएका हुन् । अब कांग्रेसको वडा र स्थानीय तहको नेतृत्वमा आइपुगेका नेताहरुको काम संगठनलाई चुस्तदुरुस्त बनाउँदै पार्टीका आन्तरिक चुनावको क्रममा भएको असमझदारीलाई हटाउनु हो । समयमै यसो गर्न सकेको खण्डमा पक्कै पनि नजिकिँदै गरेको स्थानीय तह, प्रदेश र संघीय निर्वाचनमा कांग्रेसले अझै आफ्ना प्रभाव बढाउन सक्ने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज १२ गते मंगलबार २८ सेप्टेम्बर २०२१ । असोज कृष्ण सप्तमी । ञंलागा सप्तमी ११४१ । सूर्योदय ५:५५ र सूर्यास्त ५:५३ मा हुनेछ । महालक्ष्मी व्रत समाप्ति/विश्व रेबिज विरुद्ध दिवस/ अन्तर्राष्ट्रिय सूचनामा विश्वव्यापी पहुँचको दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रेममा सफलता | **तुला** | : शत्रुबाट मुक्त |
| **वृष** | : आफन्तजन भेट | **वृश्चिक** | : मिष्ठान्न भोजन |
| **मिथुन** | : भित्रजन भेट | **धनु** | : आलश्यता |
| **कर्कट** | : धन प्राप्ति | **मकर** | : सुख प्राप्ति |
| **सिंह** | : धन नष्ट | **कुम्भ** | : यात्राको योग |
| **कन्या** | : शुभ कार्यको थालनी | **मीन** | : अध्ययनमा बाधा |

# वित्तीय क्षेत्रको लगानीमा फड्को



उपेन्द्र पौड्याल

नेपालमा निजी क्षेत्रका बैंकहरू आएपछि हामी पहिलो पुस्ताका बैंकर हौं । हामीले अनुशासित ढंगले बैंकिङ्गलाई अघि बढायौं र आज नेपालको वित्तीय क्षेत्र सबल, सुदृढ र प्रतिस्पर्धी हुनुमा हामीले धेरथोर योगदान गर्न पाएकोमा आत्मसन्तुष्टी मिलेको छ । बैंकिङ्ग क्षेत्रले उद्यमी, व्यवसायीलाई कर्जा दिन थालेसँगै ३० वर्षको हाम्रो बैंकिङ्ग करिअरमा धेरै व्यक्तिहरू करोडपति, अर्बपति भएको देख्यौं बैंकिङ्गले साँच्चिकै चमत्कार गरेको देख्यौं । यद्यपि प्रभावको सवालमा हामीले गाउँघर र दूरदराजसम्म बैंकिङ्ग पहुँचबाट ठूलो प्रभाव सिर्जना गर्न सकेका छैनौं । त्यसकारण हाम्रो भोलिको बैंकिङ्ग कस्तो हुने, हामीले कसरी त्यसलाई प्रवर्धन गर्ने भन्ने सोच्न जरुरी छ ।

हाम्रो बैंकिङ्ग विजनेस मोडल बैंक तथा वित्तीय संस्थाको वर्गीकरण अनुसार वाणिज्य बैंकले ठूला 'कर्पोरेट फाइनान्सिङ', विकास बैंकले पूर्वाधार फाइनान्सिङ, वित्त कम्पनीले 'कन्ज्युमर फाइनान्सिङ' अनि माइक्रो फाइनान्स (लघुवित्त)ले तृणमूल तहमा स-सना उत्पादनमूलक व्यवसायलाई वित्तीय पहुँच दिने गरी डिजाइन भएको छ । यद्यपि राष्ट्रिय आवश्यकता, बैंकिङ्ग व्यवसायको भविष्य र आ-आफ्नो विज्ञता अनुसारका वित्तीय सेवा दिन सबै वित्तीय संस्थाहरू स्वतन्त्र छन् । धेरथोर बैंकिङ्ग विजनेस मोडलमा सबै वर्गका संस्थाबीच समानता पनि छ ।

हामीले हिजो २०-३० वर्षअघि कल्पना नै नगरेका व्यवसायिक क्षेत्रहरू अगाडि आएका छन् । त्यतिबेला राम्रो गरिरहेका कतिपय उद्योग-व्यवसाय हराएका छन् । हामी गार्मेन्ट (तयारी पोशाक) उद्योगलाई ऋृण दिन लालायित थियौं, निजी तवरबाट सञ्चालित शिक्षण संस्थालाई ऋृण दिने प्राथमिकता थिएन । लगानी परियोजनाहरूकै सम्बन्धमा चर्चा गर्दा हिजो बैंकले निजी विद्यालयहरूमा लगानी गर्दैनथे । आज कतिपय स्थापित शिक्षा क्षेत्रका उद्यमीहरूले ऋृणका लागि पहल गर्दा हामी विद्यालयलाई कम्पनी मोडलमा चलाउनुपर्छ, त्यो भयो भने लगानी गर्न सकिन्छ भन्थ्यौं । ३० वर्षअघि हामीले एउटा धागो उद्योगका लागि जम्मा तीन लाख रुपैयाँ ऋृण स्वीकृत गरेका थियौं, आज त्यो औद्योगिक घरानाले उक्त उद्योगको सफलतासँगै अर्बौं रुपैयाँको व्यवसायिक साम्राज्य बनाइसकेको छ ।

अब हामीले दीगो बैंकिङ्ग गर्ने हो भने उत्पादन र रोजगारी वृद्धि गर्दा हरित र समावेशी अर्थतन्त्र विकासलाई सहयोग पुर्‍याउनेगरी प्रभाव सिर्जना गर्ने खालको बैंकिङ्ग अगाडि बढाउनुपर्छ । आज हामी यस विषयमा बहस-विमर्श गर्दैछौं, तर दश वर्षपछिको हाम्रो बैंकिङ्ग नै यही हुनेछ । भाग्यवश, मैंले विश्वभरी नै बैंकहरू कसरी चलिरहेका छन् भनेर हेर्ने/बुझ्ने मौका पाएँ । अहिले युरोप, अमेरिका, दक्षिण अमेरिका सबैतिर दीगो बैंकिङ्गको अभ्यास सुरु भैसकेको छ ।

सन् १९९३ ताका स्ट्याण्डर्ड चार्टर्ड बैंकको विराटनगर शाखामा कार्यरत थिएँ । नेपाल राष्ट्र बैंकका तत्कालीन डेपुटी गभर्नर हरिहरदेव पन्त आउनुभएको थियो, त्यहाँ पूर्वाञ्चल क्षेत्रीय ग्रामीण विकास बैंकले लगानी गरेका परियोजनाहरू हेर्न जाउँ भन्नुभयो । त्यहाँबाट हामी पूर्वमा बैंकले महिला सशक्तीकरणका परियोजनामा गरेका लगानी हेर्दै गयौं । त्यो देखेर म आह्लद्दीत भएँ, त्यहाँ महिला सशक्तीकरणमा जसरी वित्तीय पहुँचले रूपान्तरण ल्याएको थियो । त्यो मेरो मनमा यसरी गढ्यो कि म वर्णन नै गर्न सक्दिनँ ।

परियोजनाहरू हेरिसकेपछि हरिहर देव पन्तले भन्नुभयो, 'यी परियोजनाका लागि जे जति स्रोत थियो त्यो लगानी गरिसक्यौं । उद्यम/व्यवसाय विकासका लागि एउटा चरण प्रारम्भ भएको छ अब तपाईंहरूले यिनीहरूलाई आवश्यक कर्जा तपाईंहरूले दिनुपर्‍यो ।' त्यसपछि, मैंले उहाँलाई राष्ट्र बैंकले विपन्न वर्गको थोक कर्जामा गणना गर्ने विकल्पका सुझाव दिएको थिएँ । पछि यो व्यवस्था कार्यान्वयनमा आयो ।

विगतदेखि नै परियोजनाहरूलाई ब्यांकेबल (लगानीयोग्य) बनाउन धेरै नियामकीय हस्तक्षेपहरूका बाबजुद पनि दूरदराज र लघु-साना उद्यमबाट अलिकति माथि आएकाहरू बैंकिङ्ग सेवाका हिसाबले 'मिसि' मिडलङ्ग जस्ता भएका छन् । कतिपय उद्यमी बन्न चाहानेले धितोको अभावमा ऋृण पाएका छैनन् ।

३५-४० वर्षअघि खोला लागेको जग्गा धितो राखेर ऋृण दिएको सिण्ड्रोमबाट बैंकहरू बाहिर आउन सकेका छैनन् । कर्जा लिनेको मनोविज्ञान पनि तिर्नुनपरे हुन्थ्यो भन्ने कहींकतै आजपर्यन्त छँदैछ । यसले स-सानो कर्जाका लागि पनि धितो खोज्ने चलन छ । वास्तवमा बैंकको मुख्य चासो भनेकै ऋृणीको विश्वसनीयता हुन्छह उनीहरूको सीप, क्षमता र विश्वसनीयिता अपरिहार्य छन् ।

डा. रामशरण महत अर्थमन्त्री हुँदा २०७०-७१ मा सहुलियत ब्याजमा कृषि तथा पशुपालन कर्जा कार्यक्रम शुरु भयो, २०७५ मा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधिमार्फत् यसलाई विस्तार गरी विभिन्न १० उत्पादनमूलक क्षेत्रमा सहुलियतपूर्ण कर्जा दिलाउने नेपाल सरकारको नीति छ । जतिबेला सहुलियत कर्जा कार्यक्रम शुरु भयो, ब्याज अनुदानका लागि सरकारले निश्चित बजेट पनि छुट्याएको थियो । तर कर्जा भने परिचालन भइरहेको थिएन । यसको शुरुवात गर्नुभएका तत्कालीन अर्थमन्त्री डा. रामशरण महत बिरामी हुनुहुन्थ्यो । म उहाँलाई अस्पतालमा भेट्न गएँ ।

स्वास्थ्य अवस्थाबारे सोधखोज गर्न नपाउँदै उहाँले आफ्नो चिन्ता सुनाइहाल्नुभयो, 'उपेन्द्रजी, ब्याज अनुदानका लागि सरकारले बजेट छुट्याएको छ । तर बैंकहरूबाट सहुलियत कर्जा गएन नि !' उहाँको आशय यसमा बैंकहरूले तदारूकता नदेखाएका हुन् कि भन्ने पनि थियो । कुराकानीकै क्रममा मैले उहाँसँग भने, 'सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान त दियो । तर कृषि क्षेत्रमा अन्य आवश्यकताहरू छन्, कृषिका लागि अन्य आवश्यकता पनि साथसाथै जानुपर्छ जस्तो लाग्छ ।

मल, बीउ, कृषि सामग्री, प्रविधि, सिंचाइ, बीमा तथा संकलन केन्द्र र बजारको सुनिश्चिततासँगै साथमा सहुलियतपूर्ण कर्जा भएपछि यसले कृषि उत्पादन प्रोत्साहीत गर्ने सबै पूर्वआवश्यकतालाई सम्बोधन गर्छ ।' एउटा पाटोलाई मात्र सम्बोधन गरेर त्यसले परिणाम नदिन सक्छ । कुनै पनि परियोजनालाई सम्भाव्य बनाउन त्यसको सम्पूर्ण श्रृंखला (चेन)मा काम गर्नुपर्ने हुन्छ । त्यसका लागि सरकार, निजी क्षेत्र र अन्य सरोकारवालाको भूमिका हुन्छ ।

त्यो सम्भाव्यता विकास गर्नका लागि बैंकहरूले आफ्नो विज्ञता वा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व बापतको थोरै स्रोत पनि योगदान गर्न सक्लान् । तर यसमा मूलत: सरकार र निजी क्षेत्रले काम गर्नुपर्छ । बैंकले यो व्यवसाय/परियोजना सफल हुनसक्छ भन्ने लागेका वा सम्भाव्य हरेक क्षेत्रमा लगानी गरेका छन्, वास्तवमा नेपालको समृद्धिमा (खासगरी निजी क्षेत्रको विकासमा) वित्तीय क्षेत्रले चमत्कार नै गरेको छ ।

*- साभार: इकागज*

# निकम्मा नेतृत्व, विदेशी स्वार्थ र एमसीसी

**पहिले भीड कता जान्छ भनेर हेर्ने, जता धेरै भीड देख्यो, त्यसकै समर्थनमा बोलेर नेता बन्ने संस्कारले देश विकास हुँदैन । जहिले जे गर्दा लोकप्रिय भइन्छ, त्यतिखेर त्यही गरेर जोखिमरहित लाभ लिन खोज्ने सोचबाट जिम्मेवार नेतृत्व माथि उठ्नुपर्छ**



रमेश घिमिरे

नीति वाष्पीकरण हाम्रा लागि सामान्य हो । यहाँ धेरै सार्वजनिक नीति बन्दछन् । ती नीति न कार्यान्वयन हुन्छन्, न खारेज, न संशोधन- आफैं हराएर जान्छन् । पछिल्लो पटक अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सँग गरेको बहुचर्चित सम्झौता यसै गरी वाष्पीकरण भएर जाने संकेत देखिएको छ । नेपाल सरकारले सन् २०११ देखि एमसीसीसँग सहकार्य गर्दै आएको हो । सन् २०१७ मा एमसीसी कम्प्याक्ट सम्झौता गर्‍यो । तर सहमति र शर्तबमोजिम उक्त सम्झौता संसदबाट पारित गराउन सकेन । संसदबाट पारित गराउन नसक्नुको कुनै कारण पनि सरकारले दिन सकेको छैन ।

**माओवादी द्वन्द्व र एमसीसीमा समानता**

२०५२ साल फागुन १ गते नेपालमा माओवादी विद्रोह शुरु गर्दा यसको लक्ष्य कम्युनिष्ट शासन सत्ता स्थापना गर्ने थियो । ७/८ वर्षमा नेकपा माओवादीले ठूलो जनसमर्थन र शक्ति प्राप्त गर्‍यो । सरकारले अन्तिम शक्ति प्रयोग गरेर पनि कानून कार्यान्वयन गराउन सकेन । तर जनसमर्थन कम्युनिष्ट व्यवस्था राम्रो हो भन्ने बुझाइको कारण जुटेको थिएन । तत्कालीन सत्ताले गरेको अन्याय, विभेद, भ्रष्टाचार र कुशासनबाट धेरै जनता रुष्ट थिए । सत्तामा पहुँचवालाले राज्यको सेवा-सुविधा पाउने, अरू विमुख हुने, पहुँचवालाले कानून उल्लंघन गरे पनि कारबाही नहुने, अरूलाई विना कारणै पनि दु:ख दिइने अवस्था उल्लेख्य थियो । सरकारी संयन्त्रबाट रुष्ट मानिसहरू माओवादीतिर आकर्षित भएका थिए ।

अहिले एमसीसीको विरोध पनि यसको सैद्धान्तिक पक्ष र अन्तर्य बुझेर भएको होइन । एमसीसी विरोधको शुरुआत कसले गर्‍यो ? त्यतिखेर नेकपा दलको सरकार थियो । प्रधानमन्त्री केपी शर्मा ओली थिए । पार्टीभित्र भीम रावल लगायत वरिष्ठ र प्रभावशाली नेता ओली विरोधी गुटमा थिए । उनीहरूले आफू र आफ्ना मान्छेका लागि हैसियत अनुसार विभिन्न उच्च ओहोदाको पद मागेका थिए । तर प्रधानमन्त्री ओलीले दिएनन् ।

एमसीसी सम्झौता त्यही बेला संसदबाट पारित गर्नुपर्ने थियो । प्रधानमन्त्री ओलीले एमसीसी पारितको प्रस्ताव गरेपछि विरोधी गुट विरोधमा उत्रिहाले । कम्युनिष्ट पार्टीमा शुरुदेखि नै प्रजातान्त्रिक देशको विरोध गर्न सिकाइएको हुन्छ । अमेरिकासँग जे सुकै सम्झौता भए पनि त्यसको विरोध गर्न उनीहरूका लागि कुनै गाह्रो काम भएन । भारत र अमेरिकालाई गाली गर्ने र चीनको गुणगान गाउने जमात पनि छँदैछ । एमसीसी सम्झौता चीन विरुद्धको रणनीति हो भन्दिएपछि उनीहरू उफ्रिने भइहाले । नेताहरूले देशलाई विदेशीको गुलाम बनाए भनेर राजनीतिक धरातल बनाउने प्रयत्न गरिरहेका हिन्दू र राजतन्त्रवादी अतिवादी समूह अमेरिका मात्र होइन, जुनसुकै विदेशीको पनि विरोधमा सामेल भइहाल्छन् । नेपालीहरूमा छरिएको अन्ध राष्ट्रवादलाई राजनीतिको बीउ उमार्ने उर्बर भूमिको रूपमा प्रयोग गर्न चाहने युवा समूह पनि अहिले सक्रिय छ ।

एवम् रीतिले जान-अन्जानमा एमसीसीको विरोध जनस्तरमा व्यापक हुन पुग्यो । माओवादी युद्धको समयमा कांग्रेसी सत्ताबाट रुष्ट जनतालाई समर्थन जुटाउन बरु कठिन थियो । माओवादीहरू सरकारी सुरक्षाबलको चुनौती सामना गर्दै जनताको घरदैलो पुग्नुपर्दथ्यो । अहिले एमसीसी विरोधी अभियानमा जनता सामेल गराउन कुनै चुनौतीको समाना गर्नु पर्दैन । विरोधीहरू युट्यूब र फेसबुकको माध्यमले जनताको घरदैलो पुग्न पाएका छन् ।

अमेरिकाले दिने जाबो ५० करोड डलर हो । यहाँ एउटा नेताले भ्रष्टाचार गरेको पैसा असुल्यो भने त्योभन्दा बढी उठ्छ । एमसीएको कार्यालय पाँचतारे होटलमा खोलेर प्रशासनिक खर्चमा पैसा उडाइएको छ । विद्युत् प्राधिकरणले ५ करोड प्रतिकिलोमिटर लागतमा बनाउने विद्युत् प्रसारण लाइन एमसीएले बनाउँदा २० करोड रुपैयाँ लाग्छ । माथिका जस्ता टिप्पणीका आधारमा एमसीसी विरोधीले समर्थन पाएका हुन् । देशमा व्याप्त कुशासनका कारण विरोध गर्नेले यो अवसर पाएका हुन् । विरोधीका तर्क, टिप्पणी, अनुमान र दाबी ओझपूर्ण छैनन् । तर यथार्थ बुझाउन जिम्मेवार पदाधिकारी र पूर्वपदाधिकारी अघि आउन सकेका छैनन् ।

नेपाल प्रजातान्त्रिक मुलुक हो । भ्रष्टाचार गरेको सम्पत्ति भनेर सोझै जफत गर्न सकिंदैन, विधि प्रक्रिया पुर्‍याउनुपर्छ । कूटनीतिक व्यक्ति आवद्ध हुने अरू धेरै कार्यालय होटल वा महँगो ठाउँमै छन् । नेपालमा आयोजना ठेक्का गर्दा छोटो समय र कम लागत देखाइन्छ तर सम्पन्न हुँदा पैसा र समय ३/४ गुणा महँगो तथा गुणस्तर ३/४ गुणा कम भइसकेको हुन्छ । एससीसी सम्झौतामा जस्तो पारदर्शी ढंगले सबै खर्च समेटेर देखाइँदैन, लुकाएर अन्य शीर्षकबाट खर्च गरिएको हुन्छ ।

हेक्का राख्नुपर्ने कुरा, दलगत स्वार्थ नभएको विद्वत् व्यक्तिले एमसीसीको विरोध गरेको छैन । जसले असंलग्न परराष्ट्र नीतिलाई अंगीकार गरेको छ, उसबाट एमसीसीको विरोध भएको छैन । कतिपय विज्ञबाट पनि विरोध त भएको छ उनीहरू पहिलेदेखि नै अमेरिकाले विश्वमा जहाँ जे गरे पनि विरोध गर्ने समूहका हुन् । त्यसरी अमेरिकाको विरोध गर्नु हाम्रो असंलग्न परराष्ट्र नीति विपरीत हो ।

**वैदेशिक सहायताका विधि**

धनी राष्ट्रले गरीब राष्ट्रलाई सहयोग गर्ने कार्यलाई वैदेशिक सहायता परिचालन भनिन्छ । सहायता भनेको सहुलियत ऋृण वा अनुदान हुन्छ । विकासका लागि व्यावसायिक ऋृण पनि लिने दिने गरिन्छ । यो सहायतामा पर्दैन । यस्तो कारोबार धनी-धनी मुलुकबीच समेत हुन्छ । गरीब देशका साधनस्रोतको प्रत्यक्ष अप्रत्यक्ष दोहन गरेर धनी देश विकसित भएका हुन् । विकसित देशले सिर्जना गरेको वातावरण विनाशको असर गरीब देशले पनि भोग्नुपरेको छ । यसर्थ गरीब देशले धनी देशबाट अनुदान पाउनु गरीब देशको हक हो । हक प्राप्त गर्दा कुनै स्वार्थ लाद्न पाइँदैन । द्विपक्षीय सहायता सम्झौताको उद्देश्य आपसी मित्रता बढाउने, दिने पक्षले आफ्नो सुरक्षा मजबूत बनाउने, लिने पक्षले आफ्नो विकास गर्ने हुन्छ । सम्झौताका शर्त अनुसार दुवैले आफ्नो फाइदा देख्छन् । यसलाई 'विन-विन सिचुएसन' भनिन्छ ।

प्राकृतिक आपत्विपत् पर्दा अनुदान लिने-दिने हुन्छ । यो छोटो अवधिको लागि मात्र हुन्छ । यसलाई वैदेशिक मानवीय सहयोग भनिन्छ । यस्तो सहयोग गरीब देशले धनीलाई समेत गर्छन् । मैत्रीकार्यबाट पनि सहयोग आदानप्रदान हुन्छ । दौत्य सम्बन्ध भएका दुई देशका राजकीय संस्थाहरूबीच मैत्री सम्बन्धका सम्झौताहरू हुन्छन् । यस विधिअन्तर्गत एउटा देशको गाउँपालिका प्रतिनिधिले अर्को देशका गाउँपालिका प्रतिनिधिलाई गाउँमा बनेका हस्तकला सामान आदानप्रदान गर्नेदेखि एक देशका सेनालाई अर्को देशका सेनाले तालिम दिनेसम्म हुन्छ ।

गरीब मुलुकले हकको रूपमा प्राप्त गर्ने अनुदानका लागि मध्यस्थता गर्ने कार्य संयुक्त राष्ट्रसंघ र अन्तर्गतका एजेन्सीले गर्दछन् । देश सञ्चालन गर्ने मान्छेले नै हो । मान्छेको स्वभाव स्वार्थी हुन्छ । माथिका सबै विधि प्रयोग गर्दा सकेसम्म आफ्नो स्वार्थ पूरा गर्ने चाहना कतिपय देशहरूको हुन सक्छ । यहाँ सबै कुरा ब्ल्याक एण्ड ह्वाइटमा देखिंदैन, ग्रे एरिया हुन्छन् ।

**वैदेशिक स्वार्थका उदाहरण**

अमेरिका सूचनाको हक र पारदर्शितालाई शासनको अभिन्न अंग मान्ने प्रजातान्त्रिक मुलुक हो । उसका आन्तरिक कानूनहरू सुस्पष्ट हुन्छन् । उसले अन्य राष्ट्रसँग गर्ने सम्झौता पनि खुलस्त हुन्छन् । सबै कुरा पारदर्शी भएपछि सबै जनताले हेर्न पाउँछन् र आफ्नो बुझाइ क्षमता अनुसार विश्लेषण, टिप्पणी र धारणा बनाउन पाउँछन् । अमेरिकाको विदेश नीति स्पष्टै छ । विश्वभर अमेरिकालाई आतंककारी समूहबाट सुरक्षा चुनौती छ । सबैतिरबाट आफ्नो सुरक्षा मजबूत गर्नु उसको पहिलो प्राथमिकता प्राप्त विदेश नीति हो । अमेरिकाले गर्ने द्विपक्षीय सहायताको उद्देश्य मैत्री सम्बन्ध प्रगाढ होस्, गरीबीको अन्त्य होस्, विकास होस्, जसबाट आतंकवाद कमजोर होस् र अमेरिकाको सुरक्षा मजबूत होस् भन्ने हो ।

चीनको विदेश नीति संसारभर आफ्नो सुरक्षा मजबूत गर्नु होइन किनकि उसलाई कहीं कतै सुरक्षा चुनौती छैन । चीनको कूटनीति, विदेश नीति, रणनीतिहरू अमेरिकाको जस्तो पारदर्शी नहुन सक्छन् । चीनले देशभित्रको गरीबी अन्त्य गरेर भर्खर विदेशमा पाइला चाल्दैछ । अर्थतन्त्रको आकार बढाउने उद्देश्यमा चीन केन्द्रित हुँदै आएको छ । लगानी र व्यापार प्रवर्द्धन चीनको विदेश नीतिको प्राथमिकतामा देखिंदै आएको छ ।

जापान विकास परियोजना निर्माण गरेर सेचुरेसनमा पुगेको छ । उच्च गुणस्तरको काम भएपछि मर्मत सम्भार पनि कम नै हुन्छ । प्राविधिक जनशक्तिको दक्षता कसरी कायम राख्ने ? जापान जस्ता मुलुकले मित्र राष्ट्रमा आफ्ना जनशक्ति, प्रविधि र औजारहरूलाई रोजगार (अर्थशास्त्रमा निर्जीवलाई पनि रोजगार भनिन्छ) दिने उद्देश्य राख्दछन् । त्यसै अनुरूप नेपाल जस्ता मुलुकमा आएर विकास निर्माण गरिदिन्छन् ।

कूटनीतिमा आदर्शवाद र यथार्थवाद भन्ने दुई सिद्धान्त हुन्छन् । आदर्शवादमा सबै राष्ट्र समान हुन्छन् । तर यथार्थवादमा राष्ट्रहरू आफ्नो शक्ति माथि मार्न तल्लीन हुन्छन् । अमेरिका महाशक्तिको ताज कायम राख्न संघर्षर त छ । चीन महाशक्तिमा उक्लन प्रयत्नशील छ । रुस, फ्रान्स र जर्मनी बिरामी होइनन्, आराम गरेका सिंह हुन् । उत्तरकोरिया सिंहहरूलाई चुनौती दिन बलियो बन्न खोजिरहेको छ ।

**निष्कर्ष**

यथार्थमा विश्व समानतामा होइन, शक्ति सन्तुलनमा अडिएको हुन्छ । शक्ति सन्तुलनमा भाग लिने अरू मुलुकहरूले जे सुकै गरुन् । हामीलाई हाम्रो गरीबीको अन्त्य गर्नुपरेको छ, विकास उपभोग गर्नुपरेको छ । आफ्नै साधनस्रोतले मात्र विकास गर्न सम्भव नै छैन । हाम्रो विदेश नीति आर्थिक विकासका लागि गुणस्तरीय सहायता लिनु नै हुनुपर्छ ।

एमसीसीको बारेमा अतिरञ्जित र गलत बुझाइ ग्रास रुटसम्म पुगिसकेको छ । सामाजिक सञ्जाल वा न्यू मिडिया निकै पहुँचशाली भइसकेका छन् । यसको उपयोग गरेर जो सुकैले जे सुकै मान्यता स्थापित गर्न सक्छन् । यसको डिफेन्स गर्दा अलोकप्रिय भइने र त्यसले निर्वाचनमा भोट घट्ने डरले जिम्मेवार नेताहरू चूप छन् ।

पहिले भीड कता जान्छ भनेर हेर्ने, जता धेरै भीड देख्यो, त्यसकै समर्थनमा बोलेर नेता बन्ने संस्कारले देश विकास हुँदैन । जहिले जे गर्दा लोकप्रिय भइन्छ, त्यतिखेर त्यही गरेर जोखिमरहित लाभ लिन खोज्ने सोचबाट जिम्मेवार नेतृत्व माथि उठ्नुपर्छ ।

*- साभार: अनलाईनखबर*

# 'सुनकोसी-तेस्रो' को वातावरणीय प्रभाव मूल्यांकनको तयारी

काभ्रेपलाञ्चोक (रासस)/ सुनकोसी-तेस्रो (६८३ मेगावाट) जलाशययुक्त विद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआईए)को तयारी थालिएको छ । यसका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको विद्युत् विकास विभागले आइतबारदेखि आयोजना प्रभावित क्षेत्रअन्तर्गत चार जिल्लामा सार्वजनिक सुनुवाइको कार्यक्रम राखिएको छ ।

काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुली जिल्लाका विभिन्न स्थानमा आयोजना गरिएको कार्यक्रममा सरोकारवाला व्यक्ति तथा संस्थालाई आ-आफ्नो राय-सुझाव दिन आग्रह गरिएको छ । आयोजनाबाट सिन्धुपाल्चोकको तीन गाउँपालिका र दुई नगरपालिका, काभ्रेको तीन गाउँपालिका र दुई नपा, रामेछापको दुई गाउँपालिका र सिन्धुलीको एक गाउँपालिकाका बासिन्दा प्रभावित हुनेछन् । कोरोनाको जोखिमका कारण अध्ययनको काम प्रभावित बन्दै वातावरणीय प्रभाव मूल्यांकनको काम धकेलिँदै आएको थियो । यसअन्तर्गत स्थानीयस्तरमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको विभागले जनाएको छ । विभागका अनुसार आयोजनाको प्राविधिकतर्फको अध्ययन सकिएको छ ।

आयोजनाको प्राविधिक तर्फको सर्भे, भौगर्भिक अध्ययन तथा आयोजना सेरोफेरोका चट्टान लगायत अन्य अवस्थाका बारेमा इञ्जीनियरिङ डिजाइनको काम सकिएको विभागका इञ्जीनियर सुवास थपलियाले जानकारी दिए । परियोजनाको मापदण्ड तथा कार्यविवरण प्रतिवेदन (टिओआर) प्राविधिक काम सकिएलगत्तै नेपालमा कोरोना भाइरसको उच्च जोखिम बढेसँगै यसको थप प्रक्रिया रोकिएको हो । सम्पूर्ण प्रतिवेदन तयार भई आयोजना सञ्चालन गर्न 'सम्भावना' हुने/नहुने निक्र्योल नभएका कारण सरकारले अध्ययन बाहेकमा थप बजेट विनियोजन गरेको थिएन । एक नेपाली र एक चिनियाँ परामर्शदाताले सुनकोसी-तेस्रोको टिओआर भने विसं २०७६ माघमै विद्युत् विकास विभागलाई बुझाइसकेका थिए । टिओआरमा प्राविधिकतर्फ 'इन्टेरियर डिजाइन'देखि सर्भेसम्मको काम सकिएको उल्लेख गरिएको छ । प्रतिवेदनमा आयोजनाबाट प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभावित घरपरिवार तथा क्षेत्र र प्रभावितलाई कुन आधारमा के-कस्तो व्यवस्था गर्न सकिन्छ तथा क्षतिपूर्तिलगायतको विषयसमेत उल्लेख गरिएको जनाइयो ।

त्यसताका पनि आयोजनाबाट प्रभावित पर्न सक्ने जिल्ला, नगरपालिका तथा गाउँपालिका र वडास्थित त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सरोकारवाला व्यक्ति तथा संघसंस्थाबाट सुझावसमेत मागिएको थियो । यसैबीच उक्त आयोजनाका लागि सरकारले गत भदौ अन्तिम साता बंगलादेशलाई प्रस्ताव गरेपछि आउँदो डिसेम्बरमा दुवै पक्षबीच आयोजना निर्माणस्थल काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुली जिल्लाको सिमाना भएर बग्ने सुनकोसी नदीअन्तर्गत काभ्रेपलाञ्चोक र रामेछाप क्षेत्रको भ्रमणको सहमतिसमेत भएको थियो ।

आयोजनाको प्रक्रिया अघि बढाउन गत भदौ २९ गते नेपाल र बंगलादेशबीच ऊर्जा सहकार्यका लागि गठित सचिवस्तरीय संयुक्त सञ्चालन समिति (जेएससी)को बैठकले सुनकोसी तेस्रो निर्माण गर्न दिने प्रस्ताव अनुमोदन भएको हो । यसका साथै उक्त बैठकले ६०० मेगावाटको खिम्ती शिवालय जलविद्युत् आयोजना निर्माणका लागि बंगलादेशलाई प्रस्ताव गरिएको ऊर्जा मन्त्रालयका सहसचिव एवं प्रवक्ता मधु भेटवाल जानकारी दिए ।

उनका अनुसार सुनकोसी तेस्रो आयोजनाका लागि नेपालको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव देवेन्द्र कार्की र बंगलादेशको तर्फबाट शक्ति, ऊर्जा र खनिज मन्त्रालयको विकासतर्फका सचिव मोहमद हबिबुर रहमानले नेतृत्व गरेका छन् । नेपालबाट बंगलादेशसँग विद्युत् व्यापार गर्नसमेत आवश्यक तयारीका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्डलाई तोकिएको छ । दुई देशबीच सन् २०१८ मा ऊर्जा क्षेत्रमा सहकार्यको सम्झौता भएपछि बंगलादेशले नेपालसँग एउटा राष्ट्रिय गौरवको आयोजना निर्माण गर्ने प्रस्ताव गर्दै आएको जनाइएको छ । हाल विद्युत् विकास विभागद्वारा विभिन्न चरणमा अध्ययन भइरहेको सुनकोसी तेस्रो आयोजनालाई बंगलादेशले सरकारले संयुक्त लगानीमा निर्माण गर्ने प्रक्रिया अघि बढेको हो ।

परियोजनाअन्तर्गत सुनकोसी नदीमा काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-९ को सिमाना र रामेछापको खाँडादेवी गाउँपालिका-१ लुभुघाटमा विद्युत् आयोजनाको बाँध निर्माण प्रस्ताव गरिएको छ । विभागले सुनकोसी तेस्रो र सुनकोसी दोस्रो आयोजनाको अध्ययनका लागि १९ करोड बजेट विनियोजन गरेको थियो । दुवै आयोजना अध्ययनको काम सक्न ३३ करोड लाग्ने अनुमान गरिएको छ । उनले भने, "हालसम्मको विविध प्रकारको अध्ययनबाट सुनकोसी दोस्रोभन्दा पनि तेस्रोको सम्भावना देखिँदै आएको थियो ।"

आयोजनाका लागि लुभुघाटस्थित नदीमा करिब ४८४ मिटर लामो र १६६ मिटर उचाइको बाँध निर्माण गरी ५७० घनमिटर प्रतिसेकेण्ड पानीलाई एक दशमलव एक किलोमिटर लामो र नौ मिटर ब्यास भएको सुरुङबाट लुभुघाटनजिक निर्माण गरिने विद्युत्गृहमा लगिनेछ भने लगभग ५३६ मेगावाट विद्युत् उत्पादनपछि सो पानीलाई टेलरेसद्वारा पुन: सुनकोसी नदीमा खसालिनेछ । आयोजना निर्माण गर्दा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुली जिल्लाका करिब एक हजार ६०० परिवार प्रभावित हुनसक्ने प्रारम्भिक अध्ययनबाट देखिएको छ ।

काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिकाका आठ वडा बाँध, विद्युत्गृह र डुबान क्षेत्र पर्नेछ भने रामेछापको खाँडादेवी गाउँपालिका बाँध र डुबान क्षेत्र तथा अन्य जिल्लाको प्रभावित क्षेत्र डुबान क्षेत्रमा पर्नेछ । वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को नियम ४(१), अननुसूची(२ बमोजिम इआईए प्रतिवेदन तयार गर्दा प्रभावित भनिएका क्षेत्रमा भौतिक, जैविक तथा सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित सवालका विषयमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा 'राय-सुझाव' लिनुपर्ने भएकाले समयसीमा तोकेर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयद्वारा संयुक्तरूपमा सार्वजनिकरूपमा अपिल गरिसकेका छन् ।

सन् १९८५ मै जापान इन्टरनेशनल कोअपरेशन (जाइका)ले त्यस क्षेत्रमा जलाशययुक्त विद्युत्को सम्भाव्यता अध्ययन गरेको थियो । उसले नेपालमा अध्ययन गरेका १० उत्कृष्ट जलाशययुक्त विद्युत्मध्ये सुनकोसी तेस्रो एक हो ।

विसं २०२२ मा पनौतीमा नेपालकै तेस्रो जलविद्युत् आयोजना (दुई दशमलव चार मेगावाट क्षमता) निर्माणपश्चात प्रस्तावित सुनकोसी-३ जलाशययुक्त विद्युत् आयोजना काभ्रेपलाञ्चोकको दोस्रो आयोजना हुनेछ ।

विसं २०७५ चैत महिनामा काठमाडौँमा सम्पन्न दोस्रो लगानी सम्मेलनमा पनि सुनकोसी-तेस्रो जलाशययुक्त विद्युत् आयोजनालाई समावेश गरिएको थियो । आयोजनामा पहुँचमार्ग पुगिसकेको छ भने प्रसारण लाइनको पनि समस्या छैन । प्रस्तावित आयोजना निर्माणस्थल संघीय राजधानी काठमाडौँबाट ६० किलोमिटरको दूरीमा छ ।

आयोजनाबाट प्रभावित हुने परिवारलाई स्थानान्तरण गर्ने विषयमा सरोकारवालासँग छलफल गर्ने तयारी भइरहेको विभागले जनाएको छ । आयोजना बन्दा माछापालन, बोटिङ, पर्यटकीय होटल तथा थप पर्यटकीयस्थल विकासको समेत सम्भावना देखिएको छ ।

# भौतिक उपस्थितिमा परीक्षा सञ्चालन



भक्तपुर (रासस)/ भक्तपुर नगरपालिकाले नगरभित्र सञ्चालित संस्थागत तथा सरकारी विद्यालयमा आजदेखि सुरु परीक्षा भौतिक उपस्थितिमा सञ्चालन गर्न दिने निर्णय गरेको छ ।

नगरपालिकाको शैक्षिक क्यालेण्डरअनुसार परीक्षा आइतबार देखि हुने भएकाले विद्यालयलाई स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई 'विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा-२०७७' अनुसार नगरभित्रका सबै शैक्षिक संस्थामा भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न दिने निर्णय गरिएको नगर प्रमुख सुनिल प्रजापतिले जानकारी दिए ।

कोभिड-१९ को संक्रक्रमणका कारण उत्पन्न परिस्थितिमा शैक्षिक संस्था सञ्चालन गर्दा कक्षाकोठाको क्षमताका आधारमा भौतिक दूरी कायम हुनेगरी विद्यार्थीको बसाइ व्यवस्थापन गर्ने, विद्यालयमा विद्यार्थीको सम्पर्कमा रहने शिक्षक, कर्मचारी, चालक, सहचालकलगायत सबैले खोप लगाएको सुनिश्चित गर्ने र खोप लगाउन बाँकी भए नजिकैको स्वास्थ्य संस्थामा गई खोप लगाउने व्यवस्था गर्नुपर्ने निर्देशनसहित नगरपालिकाले विद्यालयमा परिपत्र गरेको छ ।

विद्यालय सञ्चालनपूर्व विद्यालय परिसर र कक्षाकोठाको पूर्ण सरसफाइ तथा निर्मलीकरणको सुनिश्चितता गर्ने, विद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या र उपलब्ध जनशक्तिका आधारमा एकै सिफ्ट वा फरकफरक सिफ्टमा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने र विद्यालयको गेटमा र कक्षा कोठा बाहिर सेनिटाइजर वा साबुन पानीको प्रबन्ध गरी बेलाबेलामा हात सेनिटाइज गर्ने वा धुने व्यवस्था मिलाउने, विद्यालयको प्रवेशद्वार, कक्षाकोठा र शौचालयको प्रयोग गर्दा विद्यार्थी लाइनमा पालैपालो दूरी कायम गरी निस्कने तथा पस्ने प्रबन्ध मिलाउने र सबै जनाले अनिवार्यरूपमा मास्क लगाउनुपर्ने व्यवस्था गरिएको उनले जानकारी दिए । नगरपालिकाको टोलीले यसको अनुगमनसमेत गर्ने भएको छ ।

# भलिबलमा आर्मीको जीत

काठमाडौँ (रासस)/राजधानीमा आइतबारदेखि सुरुआत भएको छैटौँ संस्करणको एनभिए क्लब भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद (परिषद्) राखेपको कभर्डहलमा आइतबार भएको पहिलो खेलमा आर्मीले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै प्रतियोगितामा पहिलो जीत दर्ता गरायो । राष्ट्रिय टोलीका खेलाडीले भरिएको आर्मीले कर्णालीलाई पहिलो सेटमा २५-८, दोस्रो सेटमा २५-१४ र तेस्रो सेटमा २५-७ ले पराजित गर्‍यो । यो जीतसँगै आर्मीले तीन अंक जोडेको छ ।

नेपाल भलिबल संघको आयोजनामा भएको उक्त स्पर्धाअन्तर्गत महिलातर्फको खेल भने यही असोज १२ गतेदेखि हुनेछ । जारी प्रतियोगितामा पुरुषतर्फ १२ टोली र महिलातर्फ छ टोलीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा विजेता टोलीले चार लाख प्राप्त गर्दा उपविजेताले दुई लाख पाउनेछन् । तेस्रो हुने टोलीले भने एक लाख प्राप्त गर्नेछ ।

# पोखरा महानगरपालिकामा बिजुक्छे विजयी

गण्डकी (रासस)/ नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत पोखरा महानगरपालिका समितिका लागि शनिबार सम्पन्न निर्वाचनबाट सुरेन्द्रमान बिजुक्छे नगर सभापतिमा निर्वाचित भएका छन् ।

आइतबार बिहान घोषित मतपरिणामअनुसार उनले ४१४ मत प्राप्त गरे भने उनका निकटम प्रत्यासी गंगाधर पराजुलीले ३४६ मत प्राप्त गरे । महानगरको सभापतिमा कूल छ जनाको उम्मेदवारी परेकामा खसेका कूल एक हजार ३४४ मतमध्ये रामराज लामिछानेले २०९, मिलन तिवारीले १५३, मोहन बाँस्तोलाले १२६ र ज्योति हमालले ११ मत प्राप्त गरे ।

पोखरा उद्योग वाणिज्य संघका महासचिव समेत रहेका बिजुक्छे यसअघि नेपाली कांग्रेस पोखरा महानगरको उपसभापति थिए । यसैगरी उपसभापतिमा ५६९ मत प्राप्त गर्दै प्रयागराज भण्डारी र ४६४ मत प्राप्त गर्दै भवसागर बराल निर्वाचित भएका छन् । उपसभापतिका छ प्रत्यासी रहेकामा निर्दोशविक्रम पौडेलले ४०७, राजेन्द्र बरालले ३७४, कृष्णप्रसाद अधिकारिले ३६५ र शिव केसीले १७३ मत प्राप्त गरे ।

दुईजना निर्वाचित हुने महानगरको सचिवमा टुवराज बाँस्तोला र गणेशबहादुर थापा विजयी भए । बाँस्तोलाले ८४९ र थापाले ८०३ मत प्राप्त गरे । सचिवका अर्का प्रतिस्पर्धी सुरेन्द्रबाबु तिवारीले ६१७ मत प्राप्त गरे ।

सहसचिवमा ५८० मत प्राप्त गर्दै संघर्ष कोइराला र ४६५ मत प्राप्त गर्दै सञ्जय आले निर्वाचित भए । सहसचिवका छ उम्मेदवार मध्ये नरेन्द्र बाँस्तोलाले ४५८, पुष्पराज सिग्देलले २४४, रवीन कायस्थले २७८ र लक्ष्मी बाँस्तोलाले ३८६ मत प्राप्त गरे ।

# मौलिक हक कार्यान्वयन गर्न ऐन बनेको तीन वर्षसम्म पनि आएन नियमावली

काठमाडौँ (रासस)/ संविधानको मौलिक हक कार्यान्वयनका लागि बनाइएको आवासको अधिकार सम्बन्धी ऐन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेका तीन वर्षसम्म पनि यसको नियमावली बन्न सकेको छैन ।

संघीय संसद्का दुवै सदनबाट पारित भएको आवासको अधिकारसम्बन्धी ऐन-२०७५ लाई राष्ट्रपति भण्डारीले विसं २०७५ असोज २ गते प्रमाणीकरण गर्नुभएको थियो । ऐनका कतिपय दफामा लेखिएको तोकिएबमोजिम भन्ने विषयलाई नियमावलीले व्याख्या गर्छ । तर ऐन प्रमाणीकरण भएर कार्यान्वयनमा आयो भनिएको तीन वर्ष बितिसक्दा पनि नियमावली नबन्दा कानूनी अप्ठ्यारा आउने गरेका छन् ।

शहरी विकास मन्त्रालयका प्रवक्ता विष्णुप्रसाद शर्माले नियमावली मस्यौदा भई सरोकार भएका मन्त्रालयको सहमति लिएर मन्त्रिपरिषद्मा पुगेको बताए । यससम्बन्धी विस्तृत काम शहरी विकास तथा भवन निर्माण विभागले गरेको उनको भनाइ छ । कोरोना भाइरस संक्रमणका कारण बन्दाबन्दी एवं निषेधाज्ञा जारी भएर लामो समय खेर गएकाले मस्यौदा तयार पार्न समय बढी लागेको प्रवक्ता शर्माले सुनाए । मन्त्रालयको आवास, भवन तथा योजना महाशाखा प्रमुखको संयोजकत्वमा नियमावली मस्यौदा भई कानून, अर्थलगायत सरोकार भएका मन्त्रालयको सहमति लिने काम सकिएर नियमावली मन्त्रिपरिषद्मा पेश भएको जनाइएको छ । संविधानसभाबाट बनेको नेपालको संविधान-२०७२ मा पहिलोपटक मौलिक हकका रुपमा आवासको हकसम्बन्धी व्यवस्था गरिएको छ ।

आवासको हकका विषयमा काम गरिरहेका अधिवक्ता राजुप्रसाद चापागाइँले नियमावली बनेपछि मात्र ऐनको कार्यविधिगत स्पष्टता आउने बताए । नियमावली नभएकाले कसैको आवासको हक खोसिन लाग्यो भने सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगमा मौलिक हकको संरक्षणको विषय लिएर जान सकिने उनको भनाइ छ । "ऐन बनेको तीन वर्षसम्म पनि नियमावली नबनाई मौलिक हक कार्यान्वयनमा बाधा पुर्‍याइएको छ, एक दुई महिनामा बन्नुपर्ने नियमावली ऐन बनेको तीन वर्षसम्म पनि नबन्नु दु:खद् छ", अधिवक्ता चापागाइँले भने ।

आवासकोहक कार्यान्वयनका लागि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको छ । विगतमा मन्त्रालयले सञ्चालन गरेको जनता आवास कार्यक्रम आर्थिक वर्ष २०७५/२०७६ देखि प्रदेश सरकार अन्तर्गत कार्यान्वयनमा छ । यसैगरी सुरक्षित नागरिक आवास कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम पनि कार्यान्वयनको चरणमा रहेको मन्त्रालयले जनाएको छ । एकीकृत बस्ती विकास कार्यक्रम रसुवा, कास्की, कपिलवस्तु, जाजरकोट, बाँके, उदयपुर र सप्तरीमा एक/एक बस्ती बनाउने गरी आर्थिक वर्ष २०७६/२०७७ मा कार्यान्वयन भएको थियो । सोही आवमा बाढी पहिरो पीडितका लागि डढेल्धुरा, सर्लाही र मुगुमा आवास बनाउने कार्यक्रम भएको मन्त्रालयले जनाएको छ ।

यसैगरी सिन्धुपाल्चोकको जुरे, बर्दिया र सुर्खेतमा पनि बाढीपहिरो पीडितका लागि आवास निर्माण गरिने कार्यक्रम सञ्चालनमा छ । आवास विहीनका लागि आवासको सुनिश्चितता गर्ने उद्देश्यले मन्त्रालयले आव २०७६/२०७७ मै ७३ करोड बराबरको आवास बनाइदिने कार्यक्रम सम्पन्न गरेको जनाइएको छ ।

**सुरक्षित नागरिक आवासलाई रकम अभाव**

आव २०७५/२०७६ देखि शुरु भएको सुरक्षित नागरिक आवास कार्यक्रमका लागि बजेट अभाव भएको छ । एक लाख ५७ हजार घरलाई खरको छाना हटाएर जस्ताको छाना हाल्न ५० हजार अनुदान दिन छनोट गरिएकामा रकम अभाव भएको शहरी विकास तथा भवन निर्माण विभाग, आवास शाखा प्रमुख वरिष्ठ डिभिजनल इञ्जिनीयर मीरा ज्ञवालीले जानकारी दिए । यो कार्यक्रम आव २०७५/२०७६ मा २२२ स्थानीय तहबाट सुरु भएको थियो । आव २०७६/२०७७ मा पनि २२२ स्थानीय तहमै यो कार्यक्रम सञ्चालन गरिएको थियो । आव २०७७/२०७८ देखि भने यो कार्यक्रम एक लाख ५७ हजार घरधुरीलाई दिने कार्यक्रम घोषणा गरिएकामा यसका लागि रकम अभाव भएको उनले बताए ।

कार्यक्रमका लागि साढे सात अर्ब बजेट आवश्यकपर्नेमा दुईपटक गरी पाँच अर्बमात्र आउँदा सबै घरधनीलाई बजेट दिन नसकिएको विभागले जनाएको छ । शहरी विकासमन्त्री अध्यक्ष रहने यो कार्यक्रमको निर्देशक समितिले २०७७ चैत १० गते खरको छाना विस्थापित गरी सुरक्षित छाना बनाउन ५० हजार अपुग भएको भन्दै ७५ हजार दिने निर्णय गरे पनि पूर्व निर्णयानुसार ५० हजार पनि छनोट भएका घर परिवारलाई दिन सकिएको छैन ।

विभागले भने छाना फेर्न कम्तीमा एक लाख बजेट दिनुपर्ने माग गर्दै आएको थियो । प्रदेश सरकारअन्तर्गत सञ्चालनमा रहेको जनता आवास कार्यक्रममा पनि बजेट अभाव छ ।

# इपिएलमा चितवनको जीत

काठमाडौँ (रासस)/ चौँथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेटमा चितवन टाइगर्सले विराटनगर वारियर्सलाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा चितवनले विराटनगरलाई दुई विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको हो । पहिले ब्याटिङ गरेको विराटनगरले चितवनलाई जीतका लागि १५२ रनको मध्यम लक्ष्य दिएको थियो ।

जवाफमा चितवनले २० ओभरमा आठ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो । चितवनको जीतमा राजेश पुलामीले अविजित ४३ रनको योगदान दिए । भीम सार्कीले ३०, दिलीप नाथले २३, करिम जनतले १९ तथा इसान पाण्डेले १० रन जोडे । त्यस्तै कप्तान सोमपाल कामी नौ, सेकुगे प्रसन्न तीन तथा कमलसिंह ऐरी र हमद शाहजाद एक रनमा पेभेलियन फर्किए । बलिङतर्फ विराटनगरका सिकन्दर राजा र करण केसीले दुई/दुई विकेट लिए भने प्रतिश जिसी, रायन पठान र अनिल खरेलले एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १५१ रनको योगफल बनाएको थियो । विराटनगरका लागि सिकन्दर राजाले सर्वाधिक ६७ रनको अर्धशतकीय इनिङ्स खेले । उनले ४७ बलमा सात छक्का र दुई चौका प्रहार गरे ।

यस्तै अनिल शाहले ३२ रन जोड्दा सौरभ खनालले अविजित ३० रन बनाए । विक्रम भुसालले सात, रायन पाठनले चार, चन्द्रपाउल हेमराजले दुई तथा कप्तान करण केसीले एक रन जोडे । सुमित महर्जन, प्रतिष जिसी र आसिफ शेखले खाता खोल्न सकेनन् । बलिङतर्फ चितवनका कप्तान सोमपाल कामी, कमल ऐरी, करिम जनत र सागर ढकालले दुई/दुई विकेट लिए । जीतसँगै चितवनले दुई अङ्क जोडेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

*कांग्रेस नगर अधिवेशन*

# भक्तपुर जिल्लाका चारवटै पालिकामा मतदान सुरु



भक्तपुर (रासस)/ नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत आइतबार भक्तपुर जिल्लाका चारवटै नगरपालिकामा मतदान सुरु भएको छ । नगर अधिवेशनमा जिल्लाका चारवटै नगरपालिकामा दुई समूहले उम्मेदवारी दर्ता गराएपछि आइतबार बिहान ८ बजेबाट मतदान सुरु भएको हो । मतदान १२ बजे सम्पन्न हुने र आजै साँझसम्म परिणाम आउने गरी निर्वाचन समितिले काम गरेको कांग्रेस जिल्ला सभापति दुर्लभ थापाले जानकारी दिए ।

अधिवेशनमा भक्तपुर नगरपालिकाको वर्तमान सभापतिमा राम कासुला र राजेन्द्र तमखुको नेतृत्वको दुई समूहबीच प्रतिस्पर्धा भएको छ । कासुलाको नेतृत्वमा उपसभापतिमा प्रकाश जोन्छें र किरण प्रजापति, सचिवमा कृष्णसुन्दर खाइतु र अनिश सुवाल, सहसचिवमा शान्ति कासुला र रवीन्द्र खड्काले उम्मेदवारी दिएका छन् ।

अर्को समूहबाट सभापतिमा तमखुको नेतृत्वमा उपसभापतिमा राजन जोशी र रोशन तुकबन्जार, सचिवमा रत्नसुन्दर खुजु र सुनिलराज दैवज्ञ, सहसचिवमा विष्णुप्रसाद गणेजु र आरती रञ्जीत, नगर क्षेत्रीय प्रतिनिधिमा रमा ढकाल शिल्पकार र विश्वजित भैलले उम्मेदवारी दिएका छन् ।

त्यस्तै मध्यपुर थिमिको नगर सभापतिमा वर्तमान सभापति सुरेन्द्र श्रेष्ठ र हरिदास प्रजापतिबीच प्रतिस्पर्धा भएको छ । श्रेष्ठको समूहबाट उपसभापतिमा बालकृष्ण प्रजापति र दानकृष्ण प्रजापति, सचिवमा दिनेश श्रेष्ठ र सविन प्रजापति, सहसचिवमा ओम जिमा श्रेष्ठ र प्रविन ह्याजु प्रतिस्पर्धामा छन् भने प्रजापतिको समूहबाट उपसभापतिमा अनिल श्रेष्ठ र सीताराम कुटु, सचिवमा राम थापामगर र रवि घजु तथा सहसचिवमा विजय प्रजापति र जीवन श्रेष्ठ प्रतिस्पर्धामा छन् । त्यसैगरी सूर्यविनायक नगर सभापतिमा जिल्ला सचिव निशान ढुंगेल र वर्तमान उपसभापति रवि राणाबीच प्रतिस्पर्धा भएको छ । ढुंगेलको नेतृत्वमा उपसभापतिमा रमण कायस्थ र रमेश अधिकारी, सचिवमा सुमन न्यौपाने र विश्वराम थापा, सहसचिवमा अमिर ढुंगाना र सुरेश केसी प्रतिस्पर्धामा छन् ।

यस्तै राणाको नेतृत्वमा उपसभापतिमा दिनेश न्यौपाने र महेश केसी, सचिवमा उपेन्द्र तिमलसिना र लक्ष्मण थापा, सहसचिवमा रुपक न्यौपाने र राम गोतामेले प्रतिस्पर्धा गरेका छन् । चाँगुनारायण नगर पालिकामा भने वर्तमान सभापति शिवहरि केसी र गोपाल पौडेल समूह प्रतिस्पर्धा हुने भएको छ । केसीको नेतृत्वमा उपसभापतिमा राजकुमार दाहाल र दिनेशराज गिरी, सचिवमा दिनेश थापा र सिजन कार्की तथा सहसचिवमा गोकर्ण पुरी र चन्द्रखेशर खत्रीले उम्मेदवारी दिएका छन् ।

पौडेलको नेतृत्वमा उपसभापतिमा सञ्जीवप्रसाद दुलाल र रितेश खड्का, सचिवमा उद्धवप्रसाद अधिकारी र जयनाथ गिरी तथा सहसचिवमा पुष्कर खड्का र पुकार पराजुलीको उम्मेदवारी छ ।

हार्दिक बधाई



हालै सम्पन्न नेपाली कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशन अन्तर्गत हेटौंडा उपमहानगरपालिकाको अधिवेशनबाट काउन मकवानपुरका उपाध्यक्ष **इन्तियाज खान**, कार्यवाहक सचिव **राज किशोर साह**, पूर्व अध्यक्ष **केशव न्यौपाने** र सक्रिय सदस्य **पुष्पनाथ नेपाल** नगर सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँलगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुको कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

लालबहादुर पटेल (केन्द्रिय उपाध्यक्ष)
**नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ (काउन)**

हार्दिक बधाई



हालै सम्पन्न नेपाली कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशन अन्तर्गत हेटौंडा उपमहानगरपालिकाको अधिवेशनबाट यस संघका उपाध्यक्ष **इन्तियाज खान**, कार्यवाहक सचिव **राज किशोर साह**, पूर्व अध्यक्ष **केशव न्यौपाने** र सक्रिय सदस्य **पुष्पनाथ नेपाल** नगर सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँलगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुको कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

खलिल मिया अन्सारी (अध्यक्ष) एवम्
**नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ (काउन) मकवानपुर, परिवार**

# नेकपा एस मकवानपुरले बनायो सचिवालय र विभाग



साझाकुरा संवाददाता

हेटौंडा/नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले पार्टी निर्माणलाई गति दिन विभिन्न सचिवालय र विभाग बनाएको छ ।

पार्टी जिल्ला कमिटीको आइतबार बसेको पूर्ण पहिलो बैठकले सचिवालय र विभाग गठन गरेको हो । पार्टी पदाधिकारीसहितको ४९ सदस्यी सचिवालय गठन गरिएको छ । सचिवालयमा पार्टी जिल्ला अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष मीनाकुमारी लामा, सचिव विष्णु दाहाल, उपसचिव जीवन लामा, कार्यालय सचिव तिलक अधिकारी सहित अग्रज जिल्ला कमिटी सदस्यहरु रहेको प्रचार विभागले जानकारी दिएको छ ।

बैठकले पार्टीको आर्थिक विभाग प्रमुखमा टिपी रुपाखेती र प्रचार विभाग प्रमुखमा रामकुमार एलनलाई जिम्मेवारी दिने निर्णय गरेको छ । पार्टी स्थायी कमिटी सदस्य विरोध खतिवडाको प्रमुख आतिथ्यता तथा नेकपा एस जिल्ला अध्यक्ष पोखरेलको अध्यक्षतामा बैठक बसेको थियो । शनिवार मात्रै पार्टीको जिल्ला घोषणासभा भएको थियो ।

बैठकलाई सम्बोधन गर्दै नेकपा (एकीकृत समाजवादी)का स्थायी कमिटी सदस्य खतिवडाले केपीशर्मा ओलीलाई अप्ठेरो पर्दा कमल थापालाई दुख्ने गरेको बताएका छन् । ओलीको गठजोड थापासँग भएको भन्दै उनले भने, 'ओली अप्ठेरोमा पर्दा सबैभन्दा बढी थापालाई दुख्ने गरेको छ । ओलीलाई समस्या पर्दा कमल थापाको विज्ञप्ति आउँछ । ओलीलाई काँडा बिझ्दा थापालाई पो चस्स घोच्छ त ।'

आगामी निर्वाचनमा सम्भव भएसम्म बाम लोकतान्त्रि गठबन्धन गरेर चुनाव लड्ने नेता खतिवडाको भनाइ छ । 'सम्भव भए वाम लोकतान्त्रिक गठबन्धन र नभए वाम गठबन्धन मिलेर जान्छि । गठबन्धनको नेतृत्व नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले गर्नुहुनेछ ।', उनले भने । माओवादी, एकीकृत समाजवादी, जनता समाजवादी, जनमोर्चा लगायतका गठबन्धन हुने उनले बताए । गठबन्धनका लागि विप्लव र मोहन वैद्यसँग वार्ता भइरहेको खतिवडाले बताए ।

नेकपा (एकीकृत समावादी) मकवानपुरले असोज २५ गते बडादशैं, दीपावली, नेपाल सम्वत् अवसर पारेर हेटौंडामा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गर्ने निर्णय बैठकले गरेको छ । आइतबार हेटौंडामा बसेको पार्टीको पहिलो बैठकले बडादशैंमा विभिन्न पर्वको अवसर पारेर शुभकामना आदानप्रदान तथा चियापान गर्ने निर्णय गरेको प्रचार विभागले जनाएको छ ।

# साहित्य संगममा पहिलो पटक महिला नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको अग्रणी साहित्य संस्था साहित्य संगम मकवानपुरमा पहिलो पटक महिला नेतृत्व निर्वाचित भएको छ ।

२०४४ सालमा स्थापना भएको संगममा १५ औं अधिवेशनले अध्यक्षमा साहित्यकार अनिता न्यौपानेलाई चयन गरेको छ । संगमको नेतृत्व तहमा पुग्ने न्यौपाने नै पहिलो महिला साहित्यकार भएकी छिन् ।

संगमको शनिबार भएको अधिवेशनले अध्यक्षमा न्यौपानेलाई सर्वसहमत रुपमा निर्वाचित गरेको हो । यसअघि सदस्य, कोषाध्यक्ष तथा उपाध्यक्षमा दुई कार्यकाल काम गरिसकेको अनुभवलाई उपयोग गर्दै समितिका सदस्य तथा मकवानपुरे सबै साहित्यकारसँग छलफल र सहमतिमा योजनाबद्ध रुपमा काम गर्ने उनले प्रतिवद्धता जनाएकी छिन् ।

यसैगरी अधिवेशनले उपाध्यक्षमा सानु खनाल, सचिवमा डिबी बर्तौला, सहसचिवमा यमनदेव उत्प्रेरक, कोषाध्यक्षमा मनोज पोखरेल निर्वाचित भएका छन् । संगमको कार्यसमिति सदस्यमा मेनुका तिमल्सिना, कुवेर पराजुली, गंगा सापकोटा र सुनिल गौतमलाई निर्वाचित गरेको छ । समितिको अन्य पदमा सर्वसहमत भएपनि सचिवमा भने निर्वाचन भएको थियो । मतदानमा प्रक्रियामा डिबी बर्तौलाले ७३ र रमेश बञ्जराले ९ मत प्राप्त गरेका थिए ।

# सेनेटरी प्याडमा कर खारेज गर्न अनेरास्ववियुको माग

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुरले सेनेटरी प्याडमा लगाइएको भन्सार शुल्क र भ्याट लगायतका राजश्व छुट गर्न सरकारसँग माग गरेको छ ।

(अनेरास्ववियु) मकवानपुरको महिला विभागले महिलाले प्रयोग गर्ने सेनेटरी प्याडमा भन्सार शूल्क र भ्याटलगायतका राजश्व छुट गर्नुमाग गर्दै आइतबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेमार्फत सरकारलाई ध्यानाकर्षण पत्र पठाएको छ । अनेरास्ववियु मकवानपुरको महिला विभाग संयोजक स्वेच्छातारा दंगालले प्रजिअ पाण्डेलाई ध्यानाकर्षणपत्र बुझाएकी हुन् ।




र्‍यालीमा विद्यार्थीले 'सरकार प्याड रहर होइन बाध्यता हो', 'रातो कर माफ गर', 'ए सरकार प्याडमा त कर नलगाइदे', 'रातो कर खारेज गर', 'हाम्रो सास्ती सरकारलाई मस्ति', 'सके फ्रि नसके सबैले किन्न सक्ने बनाइदे'जस्ता नारा लगाएका थिए । सरकारले सेनेटरी प्याडमा भन्सार शुल्क लगाएको भन्दै देशभर प्रदर्शन भइरहेको छ ।

अनेरास्ववियुका विद्यार्थीहरुले कर छुटको माग गर्दै र्‍याली निकालेका थिए । सेनेटरी प्याडमा भन्सार शूल्क र भ्याटप्रति अनेरास्ववियुको गम्भिर ध्यानाकर्षण भएको जिल्ला संयोजक विशाल पौडेलले बताए । सरकारले सेनेटरी प्याडमा १० प्रतिशत भन्सार शुल्क र १३ प्रतिशत भ्याटवापत राजश्व असुली गर्दै आएको जनाएको छ । विद्यार्थीहरुले सेनेटरी प्याड लगाउनु पर्ने बाध्यता भएको भन्दै सरकारले यसतर्फ ध्यान दिनुपर्ने बताए ।

# बकैयामा प्याड भेन्डिङ मेसिन

साझाकुरा संवाददाता

हेटौंडा/'रेड ट्याक्स'को बहस चलिरहेका बेला मकवानपुरको बकैया गाउँपालिका अन्तर्गतका विद्यालयमा सेफ्टी सेनेटरी प्याड भेन्डिङ मेसिन जडान गर्न थालिएको छ ।

'महिनावारीले सफलता नछेकोस्' भन्ने हेतुका साथ गाउँपालिका अन्तर्गतका सबै माध्यमिक विद्यालयहरुमा मेसिन राख्न लागिएको बकैया गाउँपालिकाकी उपाध्यक्ष सरला बोलखेले जानकारी दिइन् ।



आइतबार हात्तीसुँडे स्थित गाउँपालिका कार्यालयमा मेसिन जडान गरी अभियानको सुरुवात गरिएको छ । विद्यालयमा निःशुल्क सेनेटरी प्याड वितरणलाई सरल, सहज र व्यवहारिक गराउन मेसिन जडान गर्न लागिएको हो । मेसिनमा दुई रुपैयाँको सिक्का राखेर प्याड लिन सकिनेछ ।

प्याड निःशुल्क वितरण गरिने हुँदा मेसिनमै सुरक्षित रहने उक्त सिक्कालाई प्रयोगकर्ताले पुनः प्रयोग गर्नेछन् । साथै, प्रयोग गरि सकेको प्याड नजिकै जडान गरिएको डिस्पोजल मेसिनबाट नष्ट गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

गाउँपालिका कार्यालयमा सेफ्टी सेनेटरी प्याड भेन्डिङ मेसिन जडान भएपछि परीक्षणका रुपमा सुरुवात गर्दै उपाध्यक्ष सरला बोलखे तथा गाउँपालिकाका कर्मचारीद्वय कविता भट्ट र रोजिना सापकोटा ।

# ट्याक्टरसहित तीन जना नियन्त्रणमा

हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरले नदी उत्खनन गरी बालुवा बोकेको ट्याक्टर र जेसिबी चालकसहित ३ जनालाई पक्राउ गरेको छ ।

शनिबार राति हेटौंडा-६ स्थित कर्रा खोलामा बालुवा उत्खनन गरिरहेको अवस्थामा दुई वटा ट्याकटर र एउटा जेसिबि नियन्त्रणमा लिएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले बताए । प्रहरीले उत्खनन गरिरहेको अवस्थामा ना ७ त ३०८२ नम्बरको ,ना ७ त ३०८३ नम्बरको ट्याकटरसहित उत्खननमा प्रयोग भएको ना १ क ६८०३ नम्बरको जेसिबीसहित ट्याकटर तथा जेसिबी चालकलाई नियन्त्रणमा लिएको डिएसपी रिमालले जानकारी दिए ।

नियन्त्रणमा लिएको ट्याक्टर, जेसिबी तथा चालकलाई आवश्यक कार्वाहीको लागि जिल्ला समन्वय समितिलाई बुझाउने तयारी भइरहेको जनाइएको छ ।

# लायन्सको निःशुल्क स्वास्थ्य शिविर

हेटौंडा/लायन्स क्लब अफ हेटौंडा भुटनदेवी र लियो क्लब अफ हेटौंडा भुटनदेवीको संयुक्त आयोजनामा एकदिने निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ ।

पञ्चमूर्ति आयुर्वेद क्लिनिक हेटौंडाको सहयोगमा हेटौंडा-१३, पदमपोखरी भएको निःशुल्क स्वास्थ्य शिविरमा करिब तीनसय ५० जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरी औषधी वितरण गरिएको थियो । शिविरमा छाला, जीवनशैलीजन्य रोग, नशा तथा बाथ, ग्याष्ट्रिक, महिला तथा पुरुष सम्बन्धि विभिन्न रोगको निःशुल्क परीक्षण गरी आयुर्वेद औषधी वितरण गरिएको कार्यक्रम संयोजक सरिद्धी श्रेष्ठले जानकारी दिइन् ।

लायन्स क्लब अध्यक्ष गायत्री श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष मनोज वाइबाको प्रमुख आतिथ्यता रहेको थियो । शिविरमा डा. नितेश गिरी, रमेशकुमार चौधरी, लक्ष्मीनारायण भगत तथा रविन बस्यालको टीमले परीक्षण गरेको थियो ।


हार्दिक बधाई तथा शुभकामना



हालै सम्पन्न नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिकाको १४ औं अधिवेशनबाट हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष **श्री सबिन न्यौपाने ज्यू**, गरिमामय सचिव पदमा अत्याधिक मतसहित विजयी हुनु भएकोमा उहाँलगायत निर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

ज्ञानेन्द्र बहादुर कार्की (अध्यक्ष) एवम्

**सार्वजनिक मकवानपुर यातायात प्रा.लि.**

परिवार, हेटौंडा-१ चाइनाक्वार्टर

हार्दिक बधाई तथा शुभकामना



हालै सम्पन्न नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिकाको १४ औं अधिवेशनबाट **सभापतिमा श्री उत्सव इटेनी** ज्यू, **उपसभापतिमा श्री रामकृष्ण कोइराला** ज्यू, **श्री डोल्मा स्याङ्बो** ज्यू, **सचिवमा श्री सबिन न्यौपाने** ज्यू, **श्री हर्करत्न लामा** ज्यू, **सहसचिवमा श्री निगम श्रेष्ठ** ज्यू, **श्री बिकास बानियाँ** ज्यू निर्वाचित हुनु भएकोमा उहाँहरु लगायत कार्यसमितिका सम्पूर्ण सदस्यहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

प्रेमलाल श्रेष्ठ

(हेटौंडा नगर अध्यक्ष) एवम्

**राष्ट्रिय प्रजातन्त्र पार्टी, हेटौंडा परिवार**

हार्दिक बधाई



नेकपा (एकीकृत समाजवादी)को भातृ संगठन, युवा संघ मकवानपुरको गरिमामय **उपाध्यक्ष** पदमा मेरो आत्मीय भाइ **श्री सफल ढुंगाना** ज्यू चयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

प्रमोदसिंह रानाभाट (महासचिव)

**मकवानपुर उद्योग वाणिज्य संघ**

हार्दिक बधाई



नेकपा (एकीकृत समाजवादी)को भातृ संगठन, युवा संघ मकवानपुरको गरिमामय **उपाध्यक्ष** पदमा **श्री सफल ढुंगाना** ज्यू चयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

राजु पौडेल (संचालक)

**सुरक्षित ढुवानी सेवा, हेटौंडा-१०**

**निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्**

**घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?**



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**

हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२०६३

**पसल बिक्रीमा**

हेटौंडा-४, स्कूलरोड स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवस बिक्रीमा गर्नुपर्ने भएकोले खरिद गर्न चाहनुहुने ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८०४२५५०७३**

**मास्क लगाउनुहोस्**

**मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ**



**तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ**

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




**बकैया गाउँपालिका**

हातिसुँडे, मकवानपुर




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**कोरोना भाइरस (COVID-19) बाट**

**आफू पनि बचौं, अरुलाई पनि बचाऔं**




- नियमित रुपमा साबुन पानीले हात धुने ।
- घर तथा बाहिर जाँदा नियमित मास्कको प्रयोग गर्ने ।
- खोक्दा र हाछ्यू गर्दा नाक र मुख छोप्ने ।
- यदि फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, अण्डा राम्रोसँग पाकेको मात्र खाने ।

**कैलाश गाउँपालिका**

कालिकाटार, मकवानपुर

**ADMISSION OPEN FOR 2021**

@

**HETAUDA CITY COLLEGE/ZENITH**

Now Open for Registration

"Take Right Decision For Right Education"

Programme:-

- Commerce
- Science
- Hotel Management
- Computer Science
- Business Studies



ENROL NOW

Contact us :-


**HETAUDA CITY COLLEGE/ZENITH**

Hetauda-5, Piple ☎057-520750, 526660

Email:- hetaudacitycollege.official@gmail.com

**सहज यात्राका लागि गाडी भाडामा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।**

सम्पर्क: ९८४५३८९११६




**बागमती गाउँपालिका**, झुरझुरे, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल